आज मिति २०८१/०४/२४ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. फोहरमैला व्यवस्थापन सम्वन्धमा ।

३. जग्गा भाडामा लिने सम्वन्धमा ।

४. प्रधानमन्त्री नवप्रवर्तन कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

५. कर्मचारीको करार म्याद थप गर्ने सम्वन्धमा ।

६. पदपूर्तीको लागि विज्ञापन गर्ने सम्वन्धमा ।

७. तरकारी बजारको लागि जग्गा भाडामा लिने सम्वन्धमा ।

८. बागलुङ बसपार्क उद्घाटन सम्वन्धमा ।

९. विपद जन्य घटनाको निवेदन सम्वन्धमा ।

१०. कार्यसम्पादन सम्झौता सम्वन्धमा ।

११. तीन पाङ्ग्रे सवारी (अटो) दर्ता बन्द गर्ने सम्वन्धमा ।

१२. पाठ्यक्रम स्वीकृत गर्ने सम्वन्धमा ।

१३. कर्मचारी आन्तरिक खटन पठन सम्वन्धमा ।

१४. दावागरा बसपार्क व्यवस्थापनमा बजेट विनियोजन सम्वन्धमा ।

१५. धनजमानी तथा अख्तियारी सम्वन्धमा ।

१६. भुक्तानी सम्वन्धमा ।

१७. खर्चको चौमासीकको प्रगति सम्वन्धमा ।

१८. सट्टा शिक्षक राख्न अनुमति प्रदान गर्ने सम्वन्धमा ।

१९. दररेट सम्वन्धमा ।

२०. जिल्ला दैविप्रकोप उद्धार समितिमा सिफारिस गरी पठाउने सम्वन्धमा ।

२१. योजनाको म्याद थप सम्वन्धमा ।

२२. विविध ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको

कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा वागलुङ बजारको फोहरमैला व्यवस्थापनको लागि फोहरलाई श्रोतमा नै वर्गिकरण गरी दिर्घकालिन व्यवस्थापन गर्ने प्रयोजनको लागि आगामी भाद्र महिना देखी विभिन्न सरोकारवालाहरुसंगको समन्वयमा व्यापक प्रचार प्रशारको कार्यक्रम शुरुवात गर्ने, बजार क्षेत्रमा फोहरमैला संकलनको लागि तीन (३) फरक रंगका फोहर संकलन गर्ने बाल्टी वितरण गरी छुट्टा छुट्टै सवारी साधनमा संकलन तथा विर्षजनको कार्यको थालनी गर्ने र मालढुङ्गा ल्याण्डफिल साईटलाई थप व्यवस्थित गरी फोहरको उचित व्यवस्थापनको कार्य अगाडि बढाउने निर्णय गरियो ।

निणर्य नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा हाल कालिका भगवती गुठीको स्वामित्वमा रहेको बागलुङ नगरपालिका वडा नं. ३ स्थित हाल वडा नं. २ को कार्यालय रहेको भवन र सो कम्पाउण्ड भित्रको जग्गा बा.न.पा.का विभिन्न शाखा र वडा कार्यालय समेतको लागि आवश्यक परेको हुँदा उक्त जग्गा भाडामा लिने निर्णय गरियो ।

निणर्य नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखराको सुचना बमोजिम मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा १६ बमोजिम एक स्थानीय पालिकाले एक पटकमा एक वटा मात्र प्रस्ताव पेश गर्न पाउने व्यवस्था भएको हुँदा गत आ.व. मा शुरु गरिएको डग होस्टल कार्यक्रमलाई पूर्णता दिने गरी **सामुदायिक (छाडा) कुकुर व्यवस्थापन शिर्षकमा** परियोजना प्रस्ताव तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश पोखरामा प्रस्ताव पेश गर्ने र कार्यविधिमा व्यवस्था भए बमोजिम उक्त कार्यक्रमको यस पालिकाले व्यहोर्न पर्ने २५ प्रतिशतले हुन आउने लागत साझेदारी रकमको सुनिश्चतता गर्दै कार्यक्रम सम्पन्न पश्चात त्यसको पूर्ण सञ्चालन, मर्मत संभार र दिगोपनाको लागि सम्पूर्ण दायित्व व्यहोर्ने निर्णय गरियो

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत करार कर्मचारीहरुको करार म्याद असार मसान्त सम्ममा सकिएको हुँदा **करार सेवा र सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१** बमोजिम कार्यसम्पादन मूल्याङ्कनको आधारमा २०८१ पौष मसान्त सम्म ६ (छ) महिनाको लागि करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा पछि नगरसभाबाट स्वीकृत देहाय बमोजिमका दरबन्दीहरुमा करार सेवामा कर्मचारी नियुक्ति गर्नको लागि विज्ञापन लगायत आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो।

(क) ईन्जिनिरय अधिकृतस्तर छैठौं एक (१) जना।

(ख) नगर प्रहरी, अ.स.ई सहायक स्तर चौथो एक (१) जना, नगर प्रहरी जवान चार (४) जना।

(ग) ल्याव असिस्टेन्ट चार (४) जना, (भकुण्डे, तित्याङ (वडाको बजेटबाट खर्च व्यहोर्ने गरी), अमलाचौर र रायडाडा स्वास्थ्य चौकीको लागि)

(घ) अ.हे.व. एक (१) र कार्यालय सहयोगी एक (१) जना (रायडाडा स्वास्थ्य चौकी)

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागलुङ बजार भित्र व्यवस्थीत तरकारी बजार नहुँदा तरकारी उत्पादक कृषक र उपभोक्ताहरुमा अन्यौलता सृजाना भएको हुँदा व्यवस्थित तरकारी बजार निर्माण गर्नको लागि जग्गा लिजमा लिने सम्वन्धि सुचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ४ स्थित दावगरा बसपार्कको निर्माण कार्य पुरा भैसकेको हुँदा मिति २०८१ भाद्र १८ गते विशेष कार्यक्रम सहित बसपार्क उद्घाटन गर्ने र उक्त कार्यक्रममा गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्युलाई प्रमुख अतिथिको रुपमा उपस्थित भैदिनको लागि निमन्त्रणा पठाउने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा हाल परिरहेको अविरल बर्षाको कारण नगरक्षेत्र भित्र धनजनको क्षतिको पुनः निर्माण र राहतको लागि यस कार्यालयमा २५० वटा भन्दा बढी निवेदन पेश हुन आएको सन्दर्भमा उक्त निवेदनहरुको सम्वन्धमा स्थलगत अध्ययन गरी प्राविधिक मूल्याङ्कन गर्नको लागि प्राविधिकको टोली पठाउने र सत्यतथ्य र यथार्थ प्रतिवेदन पेश गर्नको लागि वडा अध्यक्षज्युहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा बागलुङ नगर कार्यपालिकाको कार्यालयको कामलाई चुस्त, दुरुस्त, छिटो, छरितो र पादरशी ढंगबाट सम्पादन गर्नको लागि चालु आवमा गर्नु पर्ने कार्यको सूची, नतिजा

प्राप्तीका सुचक उल्लेख गरी नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

**निणर्य नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा बागलुङ नगरपालिकाबाट संचालित स्थानीय सार्वजनिक यातायात सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम तीन पाङ्गे सवारी दर्ताको लागि यस कार्यालयबाट यसपूर्व अनुमति लिएका तर दर्ता नगरेका व्यक्तिहरुलाई एक (१) हप्ताको सार्वजनिक सूचना मार्फत अटो दर्ताको मौका दिने र सो पश्चात अटो दर्ता बन्द गर्ने निर्णय गरियो ।

**निणर्य नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा **"कर्मचारी व्यवस्थापन कार्यविधि ऐन २०८१"** बमोजिम स्वीकृत दरवन्दीको पदमा सम्वत् २०६४ साल आश्विन मसान्तसम्म नियुक्ती भई अविच्छिन्न रुपमा यस कार्यालयमा कार्यरत कर्मचारीलाई आन्तरिक सीमित प्रतिस्पर्धा गराई सोही पदमा एक पटकको लागि स्थायी पदपूर्ति गर्ने प्रयोजनको लागि तयार भएको देहाय बमोजिमको पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

(क) **पद : सहायक स्तर चौथो/तेश्रो**

सेवा : प्रशासन, समुह : प्रशासन, उप समुह : प्रशासन

| | | |
|---|---|---|
| लिखित परिक्षा | सामान्य ज्ञान (बस्तुगत) | ४० |
| | कार्यालय व्यवस्थापन (विषयगत) | ३० |
| | कार्यगत ज्ञान | ३० |
| **लिखित परिक्षाको कुल अंकभार** | | १०० |
| अर्न्तवार्ता | | २० |

**सामान्य ज्ञान (बस्तुगत) :**

- नेपालको भौगोलिक, राजनैनिक र ऐतिहासीक अवस्थाको सामान्य जानकारी ।
- राजनैतिक घटनाक्रम र समसामयिक परिवर्तनको सामान्य जानकारी ।
- राज्यको पुर्नसंरचना र स्थानीय तह सम्वन्धि सामान्य जानकारी ।

**कार्यालय व्यवस्थापन (विषयगत) :**

- कार्यालयको संरचनागत प्रणाली, कार्य सम्पादन विधि, कार्यालय व्यवस्थापन ।
- शाखा उपशाखाको सामान्य कार्य विवरण र प्रतिवेदन प्रणाली ।
- सेवा प्रवाह र सुशासन ।

**व्यववहारिक ज्ञान (कार्यगत) :**

- दर्ता, चलानी तथा पञ्जिका व्यवस्थापन ।
- अभिलेख व्यवस्थापन, फाईलिङ, पत्र व्यवहार ।
- कर्मचारीले पालना गर्न पर्ने आचरण र विदा ।
- सुचना प्रविधिको प्रयोग ।

(ख) पद : असिस्टेन्ट सब-ईन्जिनियर

सेवा : ईन्जिनियर, समुह : सिभिल, उप समुह : सिभिल

| | | |
|---|---|---|
| लिखित परिक्षा | सामान्य ज्ञान (वस्तुगत) | ४० |
| | कार्यालय व्यवस्थापन | ३० |
| | विषयगत (कार्यगत) ज्ञान | ३० |
| लिखित परिक्षाको कुल अंकभार | | १०० |
| अर्न्तवार्ता | | २० |

**सामान्य ज्ञान (बस्तुगत) :**

- नेपालको भौगोलिक, राजनैनिक र ऐतिहासीक अवस्थाको सामान्य जानकारी ।
- राजनैतिक घटनाक्रम र समसामयिक परिवर्तनको सामान्य जानकारी ।
- राज्यको पुर्नसंरचना र स्थानीय तह सम्वन्धि सामान्य जानकारी ।

**कार्यालय व्यवस्थापन (विषयगत) :**

- कार्यालयको संरचनागत प्रणाली, कार्य सम्पादन विधि, कार्यालय व्यवस्थापन ।
- शाखा उपशाखाको सामान्य कार्य विवरण र प्रतिवेदन प्रणाली ।
- सेवा प्रवाह र सुशासन ।

**कार्यगत ज्ञान :**

- Engineering Drawing
- Estimating Costing, Supervision, and Measurement
- Engineering Survey
- Construction Materials
- Construction Technology

(ग) पद : कम्प्युटर सहायक

सेवा : प्रशासन, समुह : विविध, उप समुह : विविध

| | |
|---|---|
| लिखित परिक्षा | ५० |
| प्रयोगात्मक परिक्षा | ५० |
| अर्न्तवार्ता | २० |

**लिखित परिक्षा :**

- Computer Fundamental
- Operating System
- Word processing
- Electronic Spreadsheet
- Database Management System
- Presentation System

**प्रयोगात्मक :**

- Nepali Typing
- English Typing
- Word processing Online Services use (google Docs or Microsoft 365, etc.), Email (attachments) send/receive

- Electronic Spreadsheet
- Database Management System
- Presentation System device setup & use (printer, projector, wifi, etc.)

(घ) पद : हलुका सवारी चालक

सेवा : प्रशासन, समुह : विविध, उप समुह : विविध

| | |
|---|---|
| प्रयोगात्मक | ८० |
| अर्न्तवार्ता | २० |

प्रयोगात्मक परिक्षा :

- सवारी साधान चलाउनु पूर्व सवारी चेक जाँच
- ट्राफिक ज्ञान
- साईड लाईट, हेडलाईट, डिमलाईट, आदीको प्रयोग
- क्लज, गियर र ब्रेकको उचित प्रयोग
- यान्त्रिक जानकारी
- गति जानकारी
- तोकिएको लाईन स्थानमा पार्किङ्ग

(ङ) पद : ईलेक्ट्रीसियन

सेवा : प्रशासन, समुह : विविध, उप समुह : विविध

| | |
|---|---|
| प्रयोगात्मक | ८० |
| अर्न्तवार्ता | २० |

प्रयोगात्मक परिक्षा :

- वायरिङ चेक जाँच तथा न्युट्रल फेसको फरक छुट्याउने ।
- पावर सकेट तथा मल्ट्री फङसनल ग्याङबक्सको जडान ।
- सेकेन्डरी ब्याट्री ब्याकअप जडान ।

(च) पद : नगर प्रहरी

सेवा : प्रशासन, समुह : विविध, उप समुह : विविध

| | |
|---|---|
| प्रारम्भीक स्वास्थ्य परिक्षण | २० |
| शारिरिक तन्दुरुस्ती | ३० |
| अर्न्तवार्ता | २० |

प्रारम्भीक स्वास्थ्य परिक्षण :

- आँखा + - २ भन्दा बढी कमजोर नभएको ।
- रगत परिक्षणमा मधुमेह नभएको ।
- उचाई ५ फिट २ ईन्च भन्दा कम नभएको ।
- छाती नफुलाउदा ३२ र फुलाउदा ३४ भन्दा कम नभएको ।
- तौल ५० के.जी. भन्दा कम नभएको ।
- अश्वाभाविक शारिरिक बनौट नभएको ।

शारिरिक तन्दुरुस्ती

- १००० मिटर दौड ३ मिनेट ३० सेकेण्ड भित्र पार गर्ने ।

- पुस अप (कम्तीमा लगातार ७ पटक)
- पुल अप (कम्तीमा लगातार ४ पटक)
- सिट अप (कम्तीमा लगातार १० पटक)
- लङ जम्प (कम्तीमा ७ फिट)
- हाई जम्प (कम्तीमा २ फिट)

निणर्य नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा बागलुङ नगरपालिका कार्यालयका रिक्त शाखामा कर्मचारी खटन पटन गर्ने, आवश्यक शाखा तथा वडाहरुमा आन्तरिक जिम्मेवारी फेरबदल गर्ने र प्रत्येक वडा कार्यालयहरुमा प्राविधिक जनशक्ति खटाउने गरी कार्य प्रारम्भ गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निणर्य नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा बा.न.पा. वडा नं. ४ दावगरा स्थित बसपार्क तत्काल संचालन गर्नु पर्ने भएको हुँदा बागलुङ नगरपालिकाको १५ औं नगरसभाबाट बसपार्क नियमित संचालन एवं बसपार्क व्यवस्थापन शिर्षकमा विनियोजन भएको २५ लाख रकम मध्येबाट बसपार्कमा रेलिङ निर्माण, बाटोमा बेस विच्छ्याउने कार्य, वाल निर्माण कार्यको लागि प्राविधिकबाट तयार भएको ल.ई. रकम अनुसार रु ९३०,०००। दावागरा बसपार्क भवन तथा रोड व्यवस्थपन शिर्षकमा विनियोजन गरी कोटेशन मार्फत उक्त कार्य गर्ने निर्णय गरियो ।

निणर्य नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १, २, ३ र ४ को बजार क्षेत्रमा संचालित साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत सञ्चालन भईरहेको खानेपानी तथा सरसफाई आयोजनाको शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत स्तरोन्नतीको लागि कुल अनुमानित लागतमा बोलपत्रदाताले पेश गरेको ठेक्का कबोल अंक (खानेपानी आपूर्ति तर्फ) को २५ प्रतिशत सम्म कोषले लगानी गर्न सकिने प्रावधान बमोजिम आयोजना व्यवस्थापन कार्यालय, शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजनाबाट प्राप्त हुने अनुदान रकमको ७० प्रतिशतको सुनिश्चितता भईसकेको र उभपोक्ता संस्थाबाट नगर विकास कोषसंग माग भए बमोजिमको २५ प्रतिशत रकम रु ३८,०८,४८४। को बार्षिक ५ प्रतिशत व्यजदरमा ऋण लिनुपर्ने भएकाले सो ऋणको धन जमानीमा वसिदिनको लागि उपभोक्ता संस्थाबाट अनुरोध भई आए बमोजिम नगर विकास कोष र उपभोक्ता संस्था वीच हुने ऋण सम्झौतामा धन जमानी बस्ने निर्णय गरियो साथै उक्त ऋण

सम्झौताको धन जमानीमा हस्ताक्षर गर्न यस कार्यालयका ईन्जिनियर श्री गौरव शर्मा लाई अख्तियारी दिने निर्णय गरियो ।

निणर्य नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा गत आ.व.को वडा स्तरिय योजना तथा कार्यक्रम अन्तर्गत यस नगरपालिका वडा नं. ३ स्थित **गोदाम घर पछाडि देखी ३ नं. वडा कार्यालय सम्म मोटरबाटो ढलान** योजनाको ल.ई.बमोजिमको काम सम्पन्न भै भुक्तानीको लागि गत असार मसान्त भित्र पेश भएता पनि उक्त योजनाको भुक्तानी बाँकी रहेको हुँदा नियमानुसार भुक्तानीको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निणर्य नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा गत आ.व.को तेश्रो चौमासीकमा भएको खर्चको प्रगति विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश भै सो सम्वन्धमा आवश्यक छलफल भयो । तेश्रो चौमासीकमा पूंजीगत तर्फको खर्चको अनुपात अन्य चौमासीकको भन्दा धेरै भएको हुँदा खर्चको अनुपातमा सन्तुलन मिलाउन र स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनको कार्ययोजना तय गरी सोहि बमोजिम कार्यान्वयनको व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

निणर्य नं. १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा बागलुङ नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने कार्यलाई थप व्यवस्थित गर्नको लागि थप जनशक्ति आवश्यक पर्ने भएको हुँदा बा.न.पा वडा नं. १३ स्थित श्री त्रिभुवन माध्यमिक विद्यालयमा माध्यमिक तह तृतिय श्रेणीमा कार्यरत स्थायी शिक्षक श्री तिलक आचार्यलाई उल्लेखित कार्यका लागि यस कार्यालयमा कामकाजमा लगाउने र निजको सट्टामा सो पदमा बालमैत्री स्थानीय शासन कार्यक्रमबाट तलवभत्ता भुक्तानी हुने गरी सट्टा शिक्षक राख्न विद्यालय व्यवस्थापन समितिलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १९ माथि छलफल गर्दा चालु आ.व. ०८१/०८२ मा बागलुङ नगरपालिका क्षेत्रभित्र निर्माण हुने विकास निर्माण कार्यका लागि सिकर्मी, डकर्मी, ज्यामीको दैनिक ज्याला तथा स्थानीय निर्माण सामाग्रीको मूल्य निर्धारण गर्ने सम्वन्धमा बागलुङ जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठीत जिल्ला दररेट निर्धारण समितिबाट तयार गरिएको दररेटलाई नै कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. २०

प्रस्ताव नं. २० माथि छलफल गर्दा मिति २०८१ असार २१ गतेको अविरल बर्षाको कारण बागलुङ नगरपालिका वडा नं. ४ स्थित श्री राधा माधव समितिको नवनिर्मित भवन संरक्षणको लागि निर्माण गरिएको ३० मिटर पर्खाल भत्किन गई क्षती भएको र श्री राधा माधव समितिको नवनिर्मित भवन समेत उच्च जोखिममा रहेको हुँदा उक्त भवनको संरक्षण एवं पर्खाल निर्माणको लागि गण्डकी प्रदेश सरकार समक्ष योजना/कार्यक्रम तथा राहत माग गर्नको लागि श्री जिल्ला दैविप्रकोप उद्धार समिति बागलुङमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. २१

प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नगरपालिकाको गत आ.व. ०८०/०८१ मा स्वीकृत भै संचालनमा रहेका र विविध कारणवस योजना सम्पन्न हुन नसकेका देहाय बमोजिमका योजानाहरुको चालु आ.व. ०८१/८२ को असार मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | आँखा चेकजाँच गर्ने अत्याधुनिक मेसिन खरिद तथा जडान । | ४ |
| २ | ट्राफिक चोक देखी अस्पताल चोक सम्म बाटो नाली व्यवस्थापन योजना । | २ |
| ३ | गोदामघर पछाडि ३ नं. वडा कार्यालय सम्म मोटर बाटो योजना । | ३ |
| ४ | ब्लुहिल पर्यटकीय पूर्वाधार निर्माण । | ९ |
| ५ | कुकुर सेल्टर हाउस परियोजना निर्माण | ३ |